आठ

# पहिलो पाइला : स्थानीय सरकारमा एक महिला जनप्रतिनिधिको अनुभव

**सल्मा खातुन**

## विषय प्रवेश

पहिलो मधेश आन्दोलन २०६३ र त्यस पछिका मधेशी अधिकारको संघर्षमा मधेशका महिलाहरूको अकल्पनीय सहभागिता रह्यो । तत्कालीन मधेशी जनअधिकार फोरमको नेतृत्वमा भएको पहिलो मधेश आन्दोलनमा महिलाहरू स्वतःस्फूर्त रूपमा सहभागी भएका थिए । घुम्टोभित्र अनुहार छोपेर बस्ने कतिपय महिलाहरू आफ्नो घर र गाउँ बाहिर पहिलोपल्ट यस्तो आन्दोलनमा निस्केका थिए । उनीहरू आफ्नो भविष्यको लागि भन्दा पनि श्रीमान् र छोराहरूको भविष्य उज्ज्वल होस् भन्ने चाहन्थे । घरका हर्ताकर्ता (पुरुष) हरू सुरक्षित रहून् भन्ने चाहन्थे । उनीहरू गाउँ-गाउँबाट ट्र्याक्टर र उपलब्ध भएका यातायातका अन्य सवारी साधन चढेर आन्दोलनमा होमिएका थिए । हात-हातमा कुचो लिएर उनीहरू आन्दोलनको केन्द्रस्थल पर्सा जिल्लाको वीरगञ्जस्थित मितेरी पुलमा उभिएको दृश्य लोभलाग्दो देखिन्थ्यो । त्यस्तै दृश्य मधेशका अन्य जिल्लाहरूमा पनि देखिँदै जान थाल्यो । त्यो एक दिनको वा केही क्षणको प्रदर्शन थिएन । जबसम्म आन्दोलन चलिरह्यो तबसम्म उनीहरूको सक्रिय र निडर सहभागिता रह्यो । साँच्चै, मेरो लागि मधेशमा महिलाहरूको त्यस्तो विद्रोही र सामूहिक सहभागिता बडो उत्साहजनक थियो । पहिला विद्यार्थी हुँदा राजनीति भनेपछि म नाक खुम्च्याउने गर्थें । मधेश आन्दोलनको ऊर्जा र त्यसमा पहिलोचोटि बहुसंख्यामा महिलाहरूको उत्साहपूर्ण सहभागिता देख्दा महिलाहरूले पनि राजनीति गर्नुपर्ने रहेछ भन्ने लाग्न थालेको थियो ।

त्यस बेलासम्म मधेशको मात्रै होइन, समग्र नेपालकै राजनीतिक वृत्तमा महिला सहभागिता त्यत्ति उत्साहजनक थिएन। नीति-नियम, संविधानले व्यवस्था गरे पनि महिलाले राजनीति गर्ने होइन, तिनले राजनीति गर्न जान्दैनन्, गर्न सक्दैनन् भन्ने मान्यता यत्रतत्र थियो र केही हदसम्म अझै पनि छ । त्यसैले, नाम मात्रको महिला उपस्थितिमा महिलाहरूको सहभागिता र भूमिकालाई सीमित राख्न खोज्ने प्रवृत्ति छ । राजनीतिमा सक्रिय जीवन बिताउने थोरै महिलाहरूमध्ये अधिकांश सम्पन्न तथा राजनीतिक पारिवारिक पृष्ठभूमि बोकेकाहरू नै भेटिन्थे, र भेटिन्छन् । नेपाल संघीय लोकतान्त्रिक गणतान्त्रिक मुलुक भएपछि भने राजनीतिमा आम महिलाहरूको पनि बाक्लो उपस्थिति हुन थालेको छ । महिलाहरूले पनि राजनीति गर्छन् भन्ने कुरा क्रमशः व्यवहारमा उतार्न थालिएको छ । विशेषतः स्थानीय निर्वाचनमा दलहरूले पालिकामा प्रमुख र उपप्रमुखमध्ये एउटा पदमा अनिवार्य महिला उम्मेदवार पठाउनुपर्ने, वडाका चार सदस्यमध्ये एक दलित सहित अनिवार्य दुई जना महिला सदस्य हुनैपर्ने प्रावधानले महिला सहभागिता धेरै मात्रामा बढायो ।[१] यो निःसन्देह खुशीको कुरा हो ।

त्यही कानूनी व्यवस्थाको लाभ प्राप्त गर्ने मध्येको एक पात्र म पनि हुँ। स्थानीय सरकारको प्रतिनिधिमा देखिएको महिला संख्याले नेपाली महिलाले के-के न पाए जस्तो देशभरि नै चर्चा चल्यो । ठूलै परिवर्तन हुने भयो भनी आम मानिसको अपेक्षा पनि चुलियो । अनि कार्यभार सम्हाल्न थालेको एक वर्ष नबित्दै उनीहरू अक्षम भए भन्न थालियो। महिलाहरू राजनीतिक वृत्तमा बल्ल सहभागी हुन थाले लगत्तै आमूल परिवर्तनको अपेक्षा गर्नु स्वाभाविक थिएन । उनीहरूको कार्य दक्षतामाथि शंका गरिनु पुरानै चलन हो, तर उनीहरूलाई काम गर्ने अवसर र समय नदिइकन अक्षम भनिनु न्यायसंगत होइन। उपप्रमुखको हैसियतमा रहेर काम गर्दाको मेरो अनुभवले भन्छ—पितृसत्तात्मक संरचना, पुरुषमैत्री कार्यस्थल, महिलाद्वेषी मानसिकतामाझ महिला भएर काम गर्नु सहज छैन ।

यो लेखलाई एक जनप्रतिनिधि, युवा मधेशी महिलाको रूपमा मैले सँगालेको अनुभवलाई "महिलावादी स्मृति पुनःस्मरण" को खाकाबाट यहाँ उतार्ने प्रयास गरेकी छु । त्यो खाकाले मलाई आफ्नै अनुभवहरूलाई एक युवा र एक मधेशी महिलाको पहिचानसँगै जन्मिएका संरचनात्मक विभेद, सामाजिक तथा व्यावहारिक कठिनाइ बुझ्न र प्रस्तुत गर्न केही हदसम्म सहयोग पुऱ्यायो । मैले उपप्रमुखको रूपमा काम गर्दाका मेरा असहजताका पाटा यहाँ बढी उल्लेख गरेकी छु । किनकि, मलाई तिनै असहजताले नै थप परिपक्व र निडर बनाएका छन् । मेरो अनुभव लेखनीले राजनीतिमा आउन चाहने महिलाहरूलाई हतोत्साहित गर्नेभन्दा पनि वास्तविकतासँग नजिक्याउने विश्वास लिएकी छु । यसले

[१] हेर्नुहोस्, स्थानीय तह निर्वाचन ऐन, २०७३, परिच्छेद ४, दफा १७.४ ।

राजनीतिक जीवनका अनुभवबाट सिक्दै कार्यक्षेत्रमा अझै सशक्त रूपमा प्रस्तुत हुन अरू महिला सहकर्मीहरूलाई सहयोग गर्ला भन्ने मेरो आशा छ ।

## संघीय गणतान्त्रिक नेपालको पहिलो स्थानीय जनप्रतिनिधिको "पहिलो पाइला"

संघीय लोकतान्त्रिक गणतान्त्रिक मुलुकको पहिलो स्थानीय चुनाव (वि.सं. २०७४) को चहलपहल शुरू भएको थियो । म त्यस बेला एक सञ्चारकर्मी थिएँ । मेरो लागि नयाँ व्यवस्थामा युवा र महिलाहरूको राजनीतिक सक्रियता एक नौलो क्षितिज झैँ बनेको थियो । म तिनै विषयवस्तु केन्द्रित चुनावी रिपोर्टिङ गर्दै थिएँ । मधेशको राजनीतिक माहोलमा पर्सा जिल्ला र वीरगञ्ज महानगरपालिका भित्रका सक्रिय युवा तथा महिलाहरू राजनीतिमा सक्रिय होऊन् भन्ने मेरो व्यक्तिगत चाहना पनि थियो । उनीहरूको सक्रियता र दाबेदारीको निमित्त मैले आफ्नो स्तरबाट हौसला दिने काम पनि गरिरहेकी थिएँ । त्यस बेला अबको राजनीतिमा युवा र महिलाको भूमिका अनिवार्य हुनैपर्छ भन्ने मलाई लाग्थ्यो ।

म रिपोर्टिङ गरिरहेकै बेला एक्कासी तत्कालीन संघीय समाजवादी फोरमले मेरो गृहनगर पोखरिया नगरपालिकाबाट उपप्रमुखको उम्मेदवार हुन मलाई प्रस्ताव गऱ्यो । मलाई आश्चर्य लाग्यो । युवा र महिलाहरूको सहभागिता र भूमिका राजनीतिक क्षेत्रमा अनिवार्य रूपले बढ्नैपर्छ भन्ने सोच ममा रहे पनि म आफै राजनीति गर्छु भन्ने चाहिँ त्यति बेलासम्म कल्पनै गरेकी थिइनँ । कहिल्यै मनमस्तिष्कमा नआएको कुरा सुन्दा म अक्क न बक्क परेँ । आफू सञ्चारकर्ममै दत्तचित्त भई लागिपरेकोले यही क्षेत्रमा आफ्नो भविष्य देखेकी थिएँ । एक दशकभन्दा लामो समयदेखि गर्दैआएको कामभन्दा बेग्लै प्रकृतिको भूमिका, त्यसमा पनि प्रत्यक्ष राजनीतिमा यति चाँडै लम्किहाल्ने मेरो कुनै योजना थिएन । त्यसैले, मैले त्यो प्रस्ताव स्वीकार गर्न सकिनँ । राजनीति त अरूले पो गर्ने हो, मैले त होइन भन्ने मानसिकता मभित्र दह्रो थियो सायद ।

सार्वजनिक वृत्तमा मेरो सक्रियता र मधेश आन्दोलन प्रतिको झुकाव तथा पार्टीसँग स्थापना कालदेखि रहेको मेरो लामो समयको आबद्धताका कारण मलाई त्यो प्रस्ताव आएको रहेछ । मैले अस्वीकार गरे पनि पार्टीको तर्फबाट पटक-पटक अनुरोध आइरह्यो । त्यस्तो अनुरोध आइरहँदा घरपरिवार, अग्रज व्यक्तित्व र सहकर्मीहरूले मलाई उक्त प्रस्ताव स्वीकार्न सल्लाह दिनुभयो । अरूलाई राजनीतिमा लाग्नुपर्छ, राजनीतिबिना नीति-नियम, कानूनमा आफ्नो कुरा पुऱ्याउन सकिन्न भन्दै अरूलाई हौसला दिँदै हिँड्ने म आफैलाई अरूले सम्झाउनु परिरहेको थियो । अरूलाई अभिप्रेरित गर्नु र आफू स्वयं त्यो बाटोमा हिँड्नु फरक कुरा रहेछ । समय बित्दै जाँदा पार्टीको दबाब, सबैको साथ र सहयोग पाउँदा पनि किन मैले आफूलाई एक अवसर नदिउँ भन्ने सोचेँ र अन्ततः उम्मेदवारी दिने निर्णय गरेँ ।

करिब दुई दशकपछि हुन लागेको स्थानीय चुनाव भएर पनि होला गाउँमा महापर्वको झैँ माहोल बन्दै गयो । गाउँका वृद्धवृद्धा, युवा, महिला, पुरुष सबै निकै उत्साहित देखिन्थे । म घरदैलो र चुनावी सभाहरूमा सहभागी हुँदा स्थानीयहरूबाट धेरै माया र स्नेह पाएँ । आफ्नै गाउँठाउँको मान्छे उम्मेदवार भएर आउँदा उनीहरूलाई कुरा गर्न सहज लागेको हुनसक्छ । एक सञ्चारकर्मीको र सामाजिक अभियन्ताको हैसियतमा जिल्लामा पहिलेदेखि नै मेरो एक खालको पहिचान बनिसकेकोले पनि सबैसँग बोलचाल गर्न मलाई पनि सहज भएको हुनुपर्छ । रेडियो मार्फत विपन्न, दलित, महिला, मुस्लिम र अल्पसंख्यक समुदायको आवाज उठाउँदै गर्दा मलाई आफ्नो ठान्नेहरूको जमात बनिसकेको रहेछ । मलाई व्यक्तिगत रूपमै भेट्न र देख्न चाहेको कुरा घरदैलो कार्यक्रमको बेला थाहा पाएँ । अन्य उम्मेदवारहरूले के-कति खर्च गरे म भन्न सक्दिनँ, तर मैले न्यूनतम खर्चमा चुनाव सम्पन्न गर्न सफल भएँ । सौभाग्यवश थोरै मतान्तरले निर्वाचित पनि भएँ । पोखरियाका स्थानीयहरूले मलाई साथ दिनुभयो । खास गरी त्यहाँको बौद्धिक वर्गको साथ र समर्थनले मेरो उम्मेदवारीलाई निकै बल पुगेको मैले महसुस गरेकी थिएँ । सबैको साथ र मतले मैले राजनीतिमा कदम राखेँ ।

## जनको प्रतिनिधि

राजनीतिमा मेरो प्रवेश अनपेक्षित थियो । म निर्वाचित भइसकेपछि बधाईको ओइरो लाग्यो, यस्तो लाग्यो मैले ठूलै काम फत्ते गरेकी छु । आफ्नो जीतको खुशीयाली सबैसँग बाँडुँ, सबै एकसाथ रमाउँ भन्ने मन थियो । तर, हाम्रो दलबाट नगरप्रमुखको उम्मेदवार विजयी नहुँदा मैले आफ्नो खुशी सबैसामु व्यक्त गर्न र साथमा रमाउने माहोल पाइनँ । मलाई साथ र सहयोग गर्नुहुने मेरा मतदाता, शुभचिन्तक, सहयात्रीहरूलाई धन्यवाद दिँदै आफ्नो जीतको खुशी बाँड्न म १० ओटै वडामा घरदैलोमा निस्कैँ । सबैलाई धन्यवाद दिएँ र मलाई सुम्पिएको दायित्व निर्वाहको लागि आफू तयार र प्रतिबद्ध रहेकोमा मेरा मतदातालाई विश्वस्त रहन आग्रह पनि गरेँ । मेरो सफलतासँगै खुशी भएका मेरा शुभचिन्तकहरू र उनीहरूले सम्मान स्वरूप मलाई पहिराएको फूलको माला र अबिरले मेरो मन कताकता भक्कानिएर आएको थियो । म भावविभोर भएकी थिएँ । मैले नयाँ जिम्मेवारी पाएकी छु त्यसलाई राम्रोसँग निर्वाह गर्नैपर्छ भन्ने दायित्वबोध गरेँ ।

मैले जनप्रतिनिधिको रूपमा सपथ ग्रहण गरेँ । शपथ ग्रहण समारोह निकै भव्य रूपमा सम्पन्न भएको थियो । साथै, कार्यालयको पहिलो दिन हामी जनप्रतिनिधिहरूलाई भव्य स्वागत गरिएको थियो । त्यस्तो उत्साहित माहोल पाउँदा म निकै खुशी भएकी थिएँ । काम गर्न मज्जा आउने भयो भन्ने अनुमान गरेर कार्यभार सम्हाल्न थालेँ । पहिलो निर्वाचित समूह भएको हामीसँग न संघीय स्तरको पर्याप्त निर्देशन, नीति-नियम थियो, न स्थानीय तहकै । शुरूका केही महिना मेलोमेसो खोज्दाखोज्दै अलमलमा बिते । मेयर,

उपमेयर, वडाध्यक्ष, वडा सदस्यका कार्य विभाजन र जिम्मेवारी के-के हुन् भन्ने विषय केही समयसम्म अस्पष्ट थिए ।

पोखरिया नगरपालिकाका १० वडामा २० सदस्यीय कार्यपालिका समिति गठन भयो । हाम्रो दलले तीन ओटा वडामा मात्रै जितेको थियो । दलीय प्रतिनिधित्वको हिसाबले हामी अल्पमतमा थियौँ । महिला तथा सीमान्तकृतको हिसाबले त जहिले पनि अल्पमत र पिँधमै छँदै थियौँ । तैपनि सबैले एकजुट भएर लाग्नुपर्छ भन्दै सकारात्मक ऊर्जाका साथ काम शुरू गर्‍यौँ । एकअर्काको सम्मान गर्दै पहिलो नगरसभा सौहार्दपूर्ण वातावरणमा सम्पन्न गर्‍यौँ । सबैको सहमतिमा तत्काल आवश्यक देखिएका महत्त्वपूर्ण योजनाहरू पहिचान गर्‍यौँ । ती योजनाहरूलाई कार्यान्वयनमा लैजान थाल्यौँ । हामीले आ-आफ्नो जिम्मेवारी सम्हाल्दै जाने क्रममा स्थानीय बासिन्दा सँगको जनसम्पर्क पनि स्थापित हुँदै गयो ।

*स्थानीय सरकार सञ्चालन ऐन, २०७४* कार्यान्वयन भएपछि भने हाम्रा पदीय जिम्मेवारी र कार्यक्षेत्र स्पष्ट भयो । त्यसले हामीलाई काम गर्न सहज बनायो । लिखित रूपमै संवैधानिक अधिकार र भूमिका खुलस्त भइसकेपछि हाम्रा कामकाजमा तीव्रता आयो । व्यक्तिगत रूपमा मेरो आत्मविश्वास पनि बढ्दै गयो । निर्वाचित भएको एक सय दिनभित्रै मैले धेरै नयाँ कुरा सिकेँ ।

पहिले एक रेडियो पत्रकार र सामाजिक कार्यकर्ताको रूपमा आफ्नो व्यक्तिगत क्षमता र पहलको भरमा काम फत्ते गरेकी थिएँ । जिम्मेवार निकायलाई आफ्नो बोली तथा आफू कार्यरत सञ्चार माध्यमबाट ध्यानाकर्षण गराएर होस् वा लेखनी मार्फत घोचेरै होस् जवाफदेही बनाउने गरेकी थिएँ । पत्रकारिता र सामाजिक क्षेत्रमा काम गर्दा ग्रामीण जनताको समस्याहरूलाई नजिकबाट बुझ्ने अवसर पाएकी थिएँ । आवाज विहीनको आवाज बनेर समाचार, लेख र रिपोर्टहरू सम्प्रेषण गर्थें । त्यस्तो काम गरेर साँझ घर फर्कँदा एक फरक खालको आत्मसन्तुष्टि मिल्थ्यो । सबै मेहनत र थकान सार्थक लाग्थे । सामाजिक संस्था मार्फत स्थानीय निकायको अनुगमनकर्ता तथा महिला समूहहरूलाई सशक्त बनाउने काममा पनि सक्रिय रहेँ । ती सबै कामकाजहरूले स्थानीय तहमा हुने गतिविधिबारे जानकार पनि भएकी थिएँ । त्यसैले पनि पारदर्शिताका साथ सुशासन कायम राख्न, अल्पसंख्यक तथा महिला र असहायहरूका लागि योजना बनाउन र तिनलाई कार्यान्वयन गराउन प्रभावकारी रूपमा काम गर्न सक्छु भन्ने आत्मविश्वास मभित्र थियो । त्यसैले, मैले मेरो कार्यकालमा ठूलै परिवर्तन गरेर देखाउँछु भन्ने स्वअपेक्षा राखेर काम थालेकी थिएँ । काम गर्दै जाँदा भने सोचेजस्तो परिस्थिति पाइनँ ।

म स्वयं एक जिम्मेवार निकायको अंग बने पछिको अवस्था आफ्नो कल्पना र अपेक्षाभन्दा फरक पाएँ । मैले राजनीतिक जिम्मेवारी सम्हाल्न थाल्दाखेरि सोचेभन्दा पनि काम गर्न गाह्रो भएको आभास भयो । बरु सञ्चारकर्मीको रूपमा मैले सहज ढंगले काम

गरेकी रहेछु भन्ने लाग्न थाल्यो । शुरू-शुरूमा महिला उपमेयर त हो नि भनेर सेवाग्राहीहरू मकहाँ खासै आउँदैनथे । सायद उनीहरूलाई सरकारी निकायको पदीय हैसियतमा महिला देख्ने र उनीहरूबाट सेवा लिने बानी नपरेकोले हुनसक्ला महिलालाई पत्याउन केही समय लाग्यो । दैनिक कामकाजमा निरन्तर खटिरहँदा बिस्तारै सेवाग्राहीहरू मकहाँ आउन थाले । सेवाग्राहीहरूको चाप पनि बढ्दै गयो । काम गर्दै जाँदा मैले सेवाग्राहीहरूको विश्वास जित्दै जान थालेँ ।

काम गर्दै जाँदा मेरा सहकर्मी र कार्यसमितिका सदस्यहरूमध्ये अधिकांशले मलाई र मेरो पदीय कार्यभार अन्तर्गतको मेरो भूमिकालाई स्वीकार्न नसकेको बोध हुनथाल्यो । विशेष गरी पुरुष जनप्रतिनिधिहरूको म प्रतिको व्यवहार सौहार्दपूर्ण, सम्मानजनक र समकक्षी सरहको थिएन । पदीय हिसाबले मभन्दा तलका सहकर्मीहरूको व्यवहार भने बिस्तारै सहयोगी र सम्मानजनक बन्दै गयो । त्यस्तो व्यवहार पाउनको निमित्त पनि म आफैले पहल गनुपर्थ्यो, गरेँ । मैले उहाँहरूलाई आदरसाथ व्यवहार गरेँ । उहाँहरूलाई काम गर्न सहज होस् भन्ने कुरामा ध्यान दिइरहेँ । तर, मेरो प्रमुख ध्यान भने सधैँभरि आम जनताको सरोकारलाई कसरी सम्बोधन गर्न सकिन्छ भन्नेतर्फ नै रहिरह्यो ।

## आवश्यकता धेरै, स्रोत सीमित

म निर्वाचित भएको क्षेत्रमा एक वडामा सामान्यतया ४५० देखि ६०० घरधुरी छन् । प्रत्येक वडाको लागि छुट्ट्याइने वार्षिक बजेटभन्दा पनि कम रकमका योजना उपप्रमुखले नगरस्तरबाट परिचालन गर्ने गरी व्यवस्था गरिएको थियो । १० ओटै वडालाई समेट्नु मेरो कर्तव्य थियो । योजनाहरू धेरै थिए । पहिचान गरिएका आवश्यकताहरू पनि उत्तिकै थिए । उपप्रमुखका निमित्त छुट्ट्याइएको बजेटले जसोतसो समग्र नीति, कार्यक्रम र विकासका योजनाहरू लागु गर्न भरपूर प्रयास गरेँ । त्यति बजेटले भने झैँ काम गर्न निकै धौ-धौ पर्थ्यो । त्यसैले, मैले व्यक्तिगत पहल पनि गरेँ ।

बजेटको धेरैजसो हिस्सा समुदायबाट आएका भौतिक पूर्वाधार निर्माण तथा खरिदका योजनामा खर्च गर्नुपर्ने हुन्थ्यो । समुदाय स्तरबाट मठ, मन्दिर, मस्जिद, श्मशानघाट, कब्रस्तान, सामुदायिक भवन निर्माण एवं मर्मत, सडक ढलान, माटो भर्ने तथा ग्राभेल गर्ने, विभिन्न समुदाय तथा समूहका लागि भाँडाकुँडा खरिद गर्ने, भजन मण्डलीका लागि माइक र बाजा खरिद लगायतका माग बढी आउँथ्यो । यी स्थानीयले वर्षौंदेखि माग गर्दै आएका विषय हुन् । धेरैजसो जनप्रतिनिधिले त्यस्तै योजनाहरू आफ्ना प्राथमिकतामा पारेका थिए । त्यस्तै खाले विकासका कामहरू गरिएमा “काम गरेको,” “विकास गरेको” भनेर बुझ्ने गरिन्थ्यो । अझै पनि त्यसरी नै बुझिन्छ । त्यसैले पनि होला बजेटको ठूलो हिस्सा अझै पनि त्यस्तै काममा खर्च गरिन्छ । जनप्रतिनिधिहरूले समयसापेक्ष योजना बनाउने र स्थानीय समक्ष

लैजाने चलन एकदमै कम छ। नयाँ अनुहार, नयाँ विचारहरूले ठाउँ बनाउँदै जानु आवश्यक छ। तब न नयाँ पुस्ता र युवाहरूले राजनीतिमा प्रवेश गर्नुको अर्थ रहला !

हाम्रो पालिकाको योजना शिक्षा, स्वास्थ्य जस्ता आधारभूत आवश्यकतातर्फ कम थियो। मैले आफ्नो तर्फबाट शिक्षामा जोड दिएँ। सामुदायिक विद्यालयका जेहेन्दार विद्यार्थी लक्षित "उपमेयर छात्रवृत्ति कार्यक्रम" सञ्चालन गरेँ। विकासको निमित्त छुट्ट्याइएको बजेटबाटै न्यून मासिक तलबमा कार्यरत बाल विकास शिक्षिकाहरूलाई प्रोत्साहन स्वरूप मासिक तलबमा आफ्नो तर्फबाट थप भत्ताको व्यवस्था गरेँ। त्यो रकम धेरै थिएन, तर त्यसले शिक्षिकाहरूमा ऊर्जा भर्ने काम गरेको थियो। त्यस्तै, ग्रामीण भेगका विद्यार्थीहरूका लागि डिजिटल साक्षरता योजना लागु गरेँ। महिनावारी हुँदाका बेला विद्यालयमा असहज नहोस् भन्नाका निमित्त स्यानिटरी प्याड तथा स्वास्थ्य समस्या आइपर्दा आराम गर्ने कोठाको बन्दोबस्त गरेँ। ती प्रयासले निम्न आयस्रोत भएका परिवारका विद्यार्थी र खास गरी छात्राहरूको शिक्षामा थोरै भए पनि योगदान दिन सकेँ भन्ने सोचेर खुशी लाग्छ।

जनप्रतिनिधिको रूपमा काम गर्दै जाँदा म आफ्नो जन्मस्थल, मातृभाषा, संस्कृति र समुदायसँग अझ नजिकिन पाएको महसुस गरेँ। संविधानले नै दिएको स्थानीय भाषामा कामकाज र पठनपाठन गर्ने र गराउने अधिकारलाई कार्यान्वयन गर्दा समुदायसँग सहज रूपमा जोडिन सकेँ। कार्यालयका मुख्य कागजपत्र, सूचना लगायतका सामग्रीहरूलाई म आफैले नेपालीबाट भोजपुरी भाषामा अनुवाद गरेर प्रचारप्रसारमा ल्याइदिएँ। भाषा आयोग र सम्बन्धित विज्ञहरू सँगको सहकार्यमा कक्षा १ देखि १० सम्मका पाठ्यक्रम भोजपुरी भाषामा तयार पारिए। कार्यालयमा कामकाजी भाषाको रूपमा मैले भोजपुरी भाषा अभ्यास गरेपछि पाका तथा महिलाहरू आफ्ना कुरा राख्न प्रोत्साहित भएको पाएँ।

म स्वयं महिला भएकोले पनि होला महिलाको निमित्त अलि बढी सोच्ने, महिलाकै समस्या राम्रोसँग बुझ्ने हुँदोरहेछ। त्यसैले, मेरा विवेकले बनेका अधिक योजनाहरू महिला केन्द्रित नै भए। महिलाहरू आर्थिक रूपले शसक्त नहुँदासम्म धेरै कुरामा पछाडि परिरहन्छन् भन्ने मेरो बुझाइ हो। महिलाको आर्थिक सशक्तीकरणका निमित्त हामीले बाख्रापालन तथा केही सिपमूलक तालिमहरू सञ्चालन गर्‍यौँ। बाख्रापालनको निमित्त केही बाख्राहरू समेत उपलब्ध गरायौँ। गाउँका महिलाहरूलाई घरमै बसेर पनि आयआर्जन गर्नसक्ने बनाउने हेतुले कम लगानीमा उत्पादन गर्नसक्ने तथा पोखरिया नगरपालिकाभित्रै बजार पाउनसक्ने अगरबत्ती बनाउने, साबुन/सर्फ बनाउने, खेलौना तथा उपहार बनाउने, चुरा टीका बनाउने, सिलाइ बुनाइ, माटोका भाँडा बनाउने लगायतका सिपमूलक तालिम पनि सञ्चालन गर्‍यौँ। तीमध्ये केही समूहलाई उत्पादनका लागि आवश्यक मेसिन र सामग्री पनि उपलब्ध गराउन सक्यौँ।

सार्वजनिक जीवनमा सक्रिय रहेका महिलाहरूको सक्रियता निरन्तर रहोस् भन्नाका खातिर हामीले उनीहरूको हौसला बढाइरहनु उत्तिकै आवश्यक थियो। घरको चौकठबाहिर निस्कनै गाह्रो हुने समाजमा महिलाहरू बाहिर निस्केर जुनसुकै क्षेत्रमा काम गरिरहनु सामान्य कुरा होइन। उनीहरूले सार्वजनिक जीवनमा खेप्नुपर्ने चुनौतीको बाबजुद डटिरहँदा समाजले उल्टै निरुत्साहन गर्ने र लाञ्छना लगाउने गर्छ। त्यसैले, उनीहरूको आत्मविश्वास र उत्साह बढाउनु जरुरी छ भन्ने मलाई लागिरहन्थ्यो। त्यही कुरा ध्यानमा राख्दै पालिकामा काम गर्ने स्वास्थ्य स्वयंसेविका, महिला वडा सदस्य लगायत विभिन्न क्षेत्रमा कार्यरत महिलाहरूलाई विभिन्न सम्मान कार्यक्रम आयोजना गरियो।

मैले पहिचान गरेको अर्को आवश्यकता भनेको स्वास्थ्य उपचारको क्षेत्र थियो, जहाँ महिला, बालबालिका तथा ज्येष्ठ नागरिकको कम पहुँच छ। स्वास्थ्य सेवा एकदमै महँगो छ। उनीहरूको स्वास्थ्य परिक्षण तथा औषधोपचारको निमित्त निःशुल्क स्वास्थ्य शिविर तथा निःशुल्क पाठेघर क्यान्सरको शल्यक्रिया तथा आँखाको मोतिबिन्दुको शल्यक्रिया गर्ने कार्यक्रम आयोजना गर्‍यौँ।

वास्तवमा "साना" र "कम लोकप्रिय" र बजेट कम भएको वा बजेट नै नभएको भनेर अवहेलना गरिएका महिला, दलित, बालबालिका, ज्येष्ठ नागरिक लगायतका सरोकारका विषयलाई महिला जनप्रतिनिधिले आफ्ना प्राथमिकताका विषय बनाएकै हुन्। ती कार्यक्रम स्थानीयवासीमाझ लोकप्रिय बन्दै गए। त्यसपछि भोट बैंक बचाउने लोभले भए पनि कार्यकालको अन्तिम वर्षहरूमा पुरुष जनप्रतिनिधिले पनि त्यस्ता कुरातर्फ ध्यान दिन थालेका थिए। तर, जनताले आफ्नो दैनिकीसँग जोड्ने र सहजै लोकप्रिय हुने खालका कार्यक्रम—जाडोमा कम्बल वितरण, ज्येष्ठ नागरिकलाई छाता, झुल, टर्च लाइट वितरण, विपन्न एवं बाढी वा आगलागी पीडितलाई विभिन्न राहत वितरण—मा उपप्रमुख र महिला वडा सदस्यहरूलाई समावेश गरिँदैनथ्यो। सायद उनीहरू त्यस्ता कामकाजको जस र राजनीतिक लोकप्रियता महिला जनप्रतिनिधिहरूसँग बाँड्न चाहँदैनथे। हामी महिला जनप्रतिनिधिहरूका लागि भने त्यो विषय गौण थियो। नागरिकको आवश्यकता पूर्ति हुनु नै हाम्रा लागि ठूलो उपलब्धि थियो।

## "रबर स्ट्याम्प" को आरोप

अधिकांश कार्य गर्न मैले कार्यालयबाट सहजै सहयोग पाइनँ। उपप्रमुख महिलाहरूले सहज रूपमा सहयोग र सौहार्दपूर्ण वातावरणमा काम गर्ने अवस्था नै थिएन। सामान्य लाग्ने कार्यहरू उपप्रमुखहरूले आ-आफ्नै व्यक्तिगत पहलमा शुरू गरेका थियौँ। कुनै योजना वा कार्यक्रमलाई बिनाअवरोध सम्पन्न गर्न र गराउन भए पनि नगरप्रमुखलाई कार्यक्रमहरूमा प्रमुख अतिथि बनाउनैपर्ने हुन्थ्यो। त्यति गर्दागर्दै पनि कहिलेकाहीँ प्राविधिक असहयोग

हुने गर्दथ्यो । कार्यक्रम निर्धारित समयभन्दा ढिलो हुन पुग्थ्यो । कतिपय कार्यक्रमको आर्थिक पाटो कुनै सहयोगी निकायले जिम्मा लिएको हुन्थ्यो । अथवा, पालिकाबाटै बजेट विनियोजन गरिएको भए पनि कहिलेकाहीँ निर्धारित समयावधिभित्र कार्य सम्पन्न गराउन आफैले रकमको जोहो गर्नुपर्थ्यो । कतिपय कार्य सम्पन्न भएको महिनौं वा वर्ष दिनसम्म पनि खर्च भएको रकम भुक्तानी गर्नुको साटो विभिन्न कारण दिएर ढिलाइ गरिन्थ्यो । नगरसभाबाट पारित भएका, नियमसंगत र संस्थागत रूपमा सम्पन्न गरिएका कामका लागि दिनुपर्ने रकम नदिइनुका अनेक भित्री कारण हुन्थे । तीमध्ये एउटा कारण चाहिँ उपप्रमुखद्वारा निर्देशित ती योजनाले केही प्रमुख भनिएका वा मानिएका व्यक्तिको आर्थिक वा राजनीतिक स्वार्थलाई सम्बोधन नगर्नु नै हुन्थ्यो ।

यस्ता चुनौतीसँग भिड्दै काम गरिरहँदा मैले आफ्नो कार्यालय र सहकर्मीहरूको तुलनामा बाहिरका संघ-संस्था र सरोकारवाला निकायबाट बढी सहयोग पाएँ । पहिलेका मेरा सञ्चारकर्मी साथीहरूले कार्यक्रमहरूबारे समाचार सम्प्रेषण गरेर निकै सहयोग गर्नुभयो । कैयौँपटक कार्यालयबाट तयार पारेर पठाउनुपर्ने विभिन्न कागजातहरू तयार पार्ने निर्देशन दिँदा समेत सम्बन्धित शाखाले नसुने झैँ गर्थ्यो । त्यस्तो अवस्थामा म आफूले गरेर मिलेसम्म कागजपत्र आफै तयार पारेर पठाउँथेँ । यस्ता खालका असहयोगी व्यवहार अप्रत्यक्ष रूपमा कार्यकालको पछिल्लो अवधिसम्म रहीरह्यो । यद्यपि, कार्यकालको अन्त्यतिर पुग्दा केही सुधार हुन थालेको महसुस भने गरेकी थिएँ ।

एउटा चाखलाग्दो कुरा—हामी निर्वाचित भएको वर्षदिन पुग्दा-नपुग्दै जनप्रतिनिधिहरूको सामाजिक रूपमा कार्य मूल्यांकन हुन थाल्यो । त्यसो गर्नु आवश्यक थियो । तर, आश्चर्य, महिला जनप्रतिनिधिहरूको मूल्यांकन नकारात्मक तवरबाट नै बढी गरियो । उनीहरू “अक्षम” भए भनियो । महिलाहरूले नेतृत्व गरेकै कारण न्यायिक समिति निकम्मा भयो भनियो । उनीहरूले कामै गर्न सकेनन् भनियो । धेरैजसो महिला जनप्रतिनिधिहरू निष्क्रिय रहे भनियो । उनीहरू पदधारण गर्न लायक होइनन् र दायित्व सुम्पिन लायक भएनन् भन्ने आशयका समाचारहरू पढ्न पाइयो । तर, कुनैमा पनि त्यसो हुनुको कारणबारे चर्चा गरिएन । त्यस्ता समाचारहरूले महिला जनप्रतिनिधिहरूलाई झन् दबाबमा पाऱ्यो । उनीहरूको मनोबल खस्काउने काम गऱ्यो ।

के पुरुष जनप्रतिनिधि जति सबै सफल प्रमाणित भएका हुन् ? हुन् भने के-कस्ता काम गरेर सफल भए भन्ने उदाहरण खोइ त ? महिला जनप्रतिनिधिहरूलाई सहकर्मीभन्दा पनि “महिला” कै रूपमा व्यवहार गरेर उनीहरू सफल भएका हुन् ? के सबै जनप्रतिनिधि महिलालाई “असफल” वा “काम गर्न नसक्ने” भनेर दोष दिने वातावरण महिलाले मात्रै बनाएका हुन् ? महिला जनप्रतिनिधिहरूलाई औँला ठड्याउने सबैलाई हक छ । तर, महिला जनप्रतिनिधिहरू सबैको राजनीतिक, शैक्षिक, सामाजिक लगायतका पृष्ठभूमि

पुरुषहरूको सरह बलियो छ त ? के उनीहरूलाई पदीय हैसियतमा काम गर्न स्वतन्त्रता दिइएको थियो ? महिला जनप्रतिनिधिहरूलाई अक्षम करार गरिरहँदा यी यावत प्रश्नमाथि भने कहिल्यै सार्वजनिक बहस गरिएन ।

वास्तवमा शिक्षाबाट वञ्चित, घर भित्रको सीमित दायरामा हुर्काइएका महिलाहरूले जिम्मेवारी त पाए तर उनीहरूले आफ्ना पालिकाका प्रमुख र कर्मचारीहरूबाट आधारभूत समन्वय र सहयोगको सधैँ अभाव झेलेरै काम गरे । केहीका परिवारका सदस्यले सघाउने प्रत्यत्न गरे । केहीले नजानेर छोरा वा श्रीमान्को काँधमा जिम्मेवारी सुम्पिए भनेर आलोचित भए । मधेशको सन्दर्भमा घरका पुरुषहरूले साथ नदिएको खण्डमा महिलाहरू घर बाहिरको संसारमा पाइला राख्नै कठिन छ । कार्यालयमा हैकम जमाउने र घरमा हैकम जमाउने पुरुषमा खासै भिन्नता छैन । यी सबैका कारकतत्त्व पुरुष र पितृसत्तात्मक मानसिकता नै हो । यस्ता पक्षतर्फ भने महिला जनप्रतिनिधिलाई "अक्षम" देख्नेले ध्यान दिएको पाइँदैन । महिला जनप्रतिनिधिका परिवारका पुरुष सदस्य, कार्यालय एवं कार्य क्षेत्रका पुरुष कर्मचारी वा राजनीतिकर्मीले यसबारे सोच्न वा सहयोगी भूमिका निभाउन आवश्यक ठानेनन् ।

मधेशी महिलाहरूको हकमा कार्यालयको चुनौतीलाई सहजीकरण गर्न घरका पुरुषहरू साथमा भएको खण्डमा महिलालाई काम गर्न सहज हुन सक्छ । उनीहरूको चरित्र हत्या गर्ने, चारित्रिक लाञ्छना लगाउने खालको प्रवृत्तिबाट पनि केही हदसम्म केही समय सम्मको लागि महिलाहरू जोगिन सक्छन् । कुनै महिलाले श्रीमान्, छोरा वा घरको मूली मानिएको कुनै पनि पुरुषको साथ र सहयोग पाउँदा केही हदसम्म छिट्टै त्यस्ता कुराहरूसँग डिल गर्ने क्षमता विकास गर्न सक्छ । हो, शुरूआती अवस्थामा महिलाहरू भौतिक उपस्थितिको निमित्त मात्रै हुन् जस्तो देखिन्छ । तर, तिनै वातावरणमा हिँड्दाहिँड्दै उनीहरूको क्षमता पनि विकास हुन सक्छ । महिलाहरूले त्यो क्षमताको विकास भने क्रमिक तवरमा गर्नैपर्छ, जुन नितान्त एक्लै हुँदाको वातावरणमा धेरै कठिन हुनसक्छ । तर, सधैँ कुनै न कुनै पुरुषकै सुरक्षाचक्रमा बसेर मात्रै महिलाले काम गर्न सक्छन् वा गर्नुपर्छ भन्ने मेरो आशय पक्कै होइन । मधेशको लैंगिक संरचना अन्तर्गतको सन्दर्भ र सामाजिक परिवेश अनुरूप शुरूआती कदम चालिँदाखेरी अल्पकालीन रूपमा अपनाउन सकिने उपायहरू थिए भन्न मात्र खोजेकी हुँ । तर, यसमा पनि कि त परिवारले कुनै वास्तै नगर्ने र सहयोगका लागि आएका परिवारका पुरुष सदस्यले उपप्रमुख वा महिला जनप्रतिनिधिको कार्यमै हस्तक्षेप गर्ने तथा निर्णय प्रक्रियामै प्रभाव पार्न गर्ने प्रयासहरूका कारण धेरै महिला जनप्रतिनिधिले आफ्नो कार्यक्षमता विकास समेत गर्न नपाएको कुरा पनि असत्य होइन । जे जसरी भए पनि घरमा होस् वा कार्यालयमा, महिला महिलाकै रूपमा मात्र बढी हेरिए । तिनको पद र कार्यदक्षताले कमै प्राथमिकता पाए ।

जुनसुकै दलबाट निर्वाचित भए पनि कम्तिमा आफ्नो कार्यावधिभरि कुनै पूर्वाग्रहबिना जनताको सेवक भएर काम गर्ने नियत धेरै उपप्रमुखहरूको थियो। किनकि हामी महिलाहरूले पहिलो पटक त्यो अवसर पाएका थियौँ। हामीभित्र उत्सुकता, जाँगर र अठोट पर्याप्त थिए। बस, अनुभवको कमी थियो। सीमित स्रोत थियो। हुनलाई त काम गर्ने समूह पनि थियो। हामी त्यही समूहको जिम्मेवार पदीय दायित्व वहनकर्ता हुँदाहुँदै पनि त्यो समूह हाम्रो लागि धेरै सहयोगी रहेन। त्यो समूह सामाजिक लिंगको आधारमा स्वतः बाँडिएको थियो। पुरुष जनप्रतिनिधिहरू आफ्ना महिला जनप्रतिनिधि सहकर्मीहरूप्रति उदार र सहयोगी हुन सकेनन्। अथवा तिनको उदारता र सहयोगीपन हामी महिलाहरूका निमित्त उपयोगी भएनन्।

वास्तवमा आफूसँगै निर्वाचित महिला जनप्रतिनिधिहरूको उपस्थिति उनीहरूलाई स्वीकार्य भएन। हाम्रो असहजता त्यहीँबाट शुरू भयो। शुरू-शुरूमा कार्यपालिकाको बैठक र अन्य महत्त्वपूर्ण बैठक वा छलफलहरूबारे मलाई पूर्व जानकारी दिइएन। पछि बुझ्दा अन्य महिला जनप्रतिनिधिहरूलाई पनि पूर्व जानकारी नगराइएको थाहा पाएँ। अझ, वडाका महिला सदस्यहरूको हकमा कतिपल्ट त बैठक बसिसकेर त्यसका माइन्यूटमा हस्ताक्षर गराउनका लागि उहाँहरूको घरमै रजिष्टर पठाइन्थ्यो। के-कस्ता विषयमा कसरी र किन निर्णय गरियो भन्ने बारेमा पूर्ण रूपमा जानकार नै नभई हस्ताक्षर गर्नुपर्ने माहोल सिर्जना गरिएको थियो।

एउटा प्रतिनिधि उदाहरण हेरौँ : स्थानीय विद्यालयहरूको व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारको हो। विद्यालयमा निजी स्रोतबाट शिक्षक आपूर्ति गर्ने विषयमा बैठक बसेर निर्णय गरियो। निर्णय गरिएको माइन्यूटमा हस्ताक्षर गर्न प्रत्येक वडामा पठाइएको थियो। म त्यस दिन दिनभरि कार्यालयमै थिएँ। यसबारे मलाई किन जानकारी गराइएन भनेर नगरप्रमुख र प्रशासकीय अधिकृतलाई सोधेँ। "तपाईंसँग भेट भएन" भन्ने जवाफ पाएँ। कुनै बैठकको जानकारी पाउनको लागि मैले उहाँहरूसँग भेट्नुपर्ने ? यो कस्तो अभ्यास ? कस्तो प्रवृत्ति ? कस्तो नियत ? महिला सदस्यहरूलाई "म धेरै कुरा जान्दिन, जान्ने उहाँहरू नै हुनुहुन्छ, त्यसैले उहाँहरूको निर्णय राम्रो हुन्छ। हामीले समर्थन गरे पुग्छ" भन्ने हिसाबले विश्वस्त पार्न खोजिएको थियो।

हामीले त्यस्तो अभ्यास र मानसिकताको विरोध गऱ्यौँ। हाम्रो विरोधको सुनुवाइ भयो। तर, जानकारी दिँदा पनि एकदमै अन्तिम समयमा, बैठक शुरू हुन लाग्दा मात्रै हामीलाई थाहा दिइन्थ्यो। पहिल्यै निर्धारित महत्त्वपूर्ण बैठकहरूमा समेत हामीलाई अपझ्झट डाकिएको बैठकसरह जानकारी गराइन्थ्यो। त्यस्तो गरिँदा अधिकांश बैठकहरूमा तुरुन्तै उपस्थित हुन मुश्किल हुन्थ्यो र सहभागी भइहाले पनि सम्बन्धित एजेण्डामा आवश्यक तयारी पुग्दैनथ्यो। तैपनि हामीले बैठकमा उपस्थिति हुने तारतम्य मिलाउँथ्यौँ। अरू

कामकाज थाँती राखेर बैठकमा उपस्थित हुँदा पनि हामीले राखेको कुरालाई बेवास्ता गरिन्थ्यो । स्वाभाविक रूपमा महत्त्वपूर्ण राजनीतिक निर्णयहरू गर्नुपर्ने बैठकहरूमा त्यसरी पुग्नुपर्दा तयारीको अभाव हुँदा निर्णय प्रक्रियामा प्रभाव पार्छ नै । हाम्रा कुराहरू सधैँजसो "सानातिना" कुराकै रूपमा पाखा लगाउने प्रयास भइरहे । हामी महिला जनप्रतिनिधिहरू कार्यपालिका बैठकमा कहिल्यै मौन रहेनौँ, आफ्नो विचार राख्ने, विरोध गर्ने कार्य जारी राख्थ्यौं । तर, विषयवस्तुलाई अन्यत्रै मोडेर हामीले उठाएका विषयवस्तुलाई बंग्याइन्थ्यो र छलफल टुंग्याइन्थ्यो ।

त्यस्तो अलोकतान्त्रिक अभ्यासको विरोध गर्ने उपप्रमुख तथा सदस्य महिलाहरू बढ्न थाले । त्यो गर्नु जरुरी पनि थियो । तर, वडा स्तरका निर्णयमा पाँच सदस्यीय समिति हुन्छ, जसमा वडाध्यक्ष र थप दुईजना सदस्य (जो पुरुष नै हुन्थे) को सहमति भएपछि त्यहाँ बहुमत भइहाल्थ्यो । बहुमतको बाजी उनीहरूले मारिहाल्थे । महिलाका आवाज केवल फरक मतमै सीमित रहन पुग्थे । त्यस्ता फरक मत केवल भन्नका लागि भनिएका हुन् भनेर तिनलाई स्थान दिइन्नथ्यो ।

कार्यकालको अन्त्यसम्मै पनि हामीले आफूले संवैधानिक रूपमा पाएको अधिकारको निमित्त कार्यालयभित्र र बाहिर पनि लडिरहनु पऱ्यो । अर्को एउटा उदाहरण हेरौँ : दशकौँदेखि बजार क्षेत्रका स्थानीयको ४० बिघा जग्गा तत्कालीन नगर विकास समितिबाट अधिग्रहण गरिएको रहेछ । जग्गा धनीले जग्गा किनबेच गर्न नसक्ने अवस्था रहेछ । त्यसले बजार विस्तारमा पनि बाधा पुऱ्याइरहेको रहेछ । सोही विषय टुंगो लगाउन नगरपालिकाले एउटा समिति गठन गऱ्यो । उक्त समितिको बैठकमा नगरप्रमुख अनिवार्य हुने नै भए । साथै, वडाध्यक्षहरू सबैलाई बोलाउने गरिएको रहेछ । तर, हामी उपप्रमुखलाई अनौपचारिक रूपमै भए पनि खबर समेत गरिदैनथ्यो । यही कुरा थाहा पाएपछि केही बैठकमा म जबरजस्ती गएँ । विरोध गरेँ, आफ्नो विचार, सल्लाह र सुझाव पनि राखेँ । किनकि, स्थानीय सरकार सञ्चालनका लागि स्थानीय सरकार सञ्चालन ऐन, आवश्यक नीति, निर्देशन सबै हुँदा समेत यस्तो हुनु कदापि जायज थिएन ।

उपप्रमुखलाई नगरप्रमुख र कार्यालयले किन जानकारी दिन जरुरी नलागेको भनेर मैले सोधखोज गरेँ । उनीहरूको जवाफबाट महिलाहरू त्यस बारेमा जानकार हुँदैनन्, उनीहरूको विषय नै होइन भन्ने बुझाइ रहेको थाहा पाएँ । अर्को महत्त्वपूर्ण कुरा, पुरुष जनप्रतिनिधिहरू प्रायः एकैसाथ हुने र आपसमा अनौपचारिक कुराकानी गर्ने रहेछन् । तिनै अनौपचारिक कुराकानीहरूमै धेरैजसो विषयवस्तुमा सहमति गरिसक्दा रहेछन् । तिनलाई औपचारिकता दिनकै निमित्त मात्रै औपचारिक बैठक बोलाइने रहेछ । त्यस्तो बैठकमा म जस्तालाई निम्त्याइँदा विरोध हुनसक्ने र निर्णयको प्रक्रियामाथि प्रश्न उठ्नसक्ने हुनाले पनि बोलाउन उपयुक्त नठहऱ्याइने रहेछ । हामी महिलाहरूले भने लोकतान्त्रिक पद्दति अपनाएर

औपचारिक बैठक मार्फत नै पारदर्शी निर्णय गर्ने कुरामा जोड दिन्थ्यौँ । त्यसैले, हामी महिलाहरू अवरोध बन्नसक्ने वा बनेको हुनाले सकेसम्म बहुमत पुऱ्याउने गरी सदस्यलाई बोलाएर काम फत्ते गर्ने गरिँदो रहेछ ।

हामी केही महिला सदस्यहरूले त्यस्ता अलोकतान्त्रिक अभ्यास र असमावेशी कार्यशैलीलाई कसरी सुधार्न सकिन्छ भन्नेबारे आपसमा छलफल गऱ्यौँ । कतिपयले हाम्रा कुरा राम्रोसँग बुझेनन्, सायद हामीले नै राम्रोसँग बुझाउन सकेनौँ । कतिपयले हामीलाई साथ दिने भए । तर, वडाध्यक्षको अनुमतिबिना कोही पनि सदस्य कुनै बैठकमा जान नपाउने भन्ने खालको मौखिक बन्धन खडा गरियो । त्यसपछि हामीले कानूनी रूपमा पाएको जिम्मेवारी र अधिकार प्रयोग गर्न पाउनुपर्छ भनेर कुरा उठायौँ । कुरा उठाउँदाको बखत हाम्रो कुरा सुनिए झैँ गरियो । तर, कार्यान्वयनमा भने कहिल्यै आएन ।

महिलाका मुद्दाहरूमा छलफल गर्नका निमित्त महिलाहरूको बेग्लै बैठक बसौँ, एकीकृत रूपमा केही गरौँ भनेर हामीले भन्यौँ । त्यस बेला पार्टीले महिलाहरूलाई अंकुश लगायो । विभिन्न कारणले महिलाहरूले पनि त्यस्तो अंकुश हटाउन सकेनौँ । बाध्यकारी प्रावधानका कारण महिलाहरूले राजनीतिमा प्रवेश त पायौँ । तर, काम गर्ने सन्दर्भमा हामीले उचित वातावरण, अधिकार प्रयोगमा स्वतन्त्रता र नेतृत्व गर्ने अवसर भने पाएनौँ । सधैँ कमजोर र सहायताको खाँचो पर्ने भनी ठान्ने महिलाहरूको सशक्त र प्रभावशाली भूमिका होस् भन्नेतर्फ दलहरूको रुचि रत्तिभर थिएन ।

यस्ता आन्तरिक पाटोलाई नबुझिकन महिला जनप्रतिनिधिहरूलाई "रबर स्ट्याम्प" को संज्ञा दिँदै तिनको हैसियतमाथि खिल्ली उडाइयो । पदमा पुगेर त्यस अनुरूपको दायित्व वहन गर्न नसक्दा प्रश्न उठ्नु स्वाभाविक हो । तर, त्यसलाई एकतर्फी कोणबाट मात्रै बुझिनु, केलाइनु सही होइन । राम्रा पहल गरेका, चुनौतीहरूका माझ खरो उत्रिएका महिला जनप्रतिनिधि र तिनका कामले निकै कम चर्चा पाए । उदाहरणको लागि, जिल्लाको उत्तरी भेगमा सँखुवाप्रसौनी गाउँपालिका, पटेर्वासुगौली गाउँपालिका र जिराभवानी गाउँपालिकाको संयुक्त पहलमा त्रिपालिका कलेज खुल्ने सुनिश्चित भयो । त्यसमा तिनै पालिकाका उपप्रमुखहरूको मुख्य भूमिका रहेको थियो । त्यसको खासै चर्चा भएन । महिला जनप्रतिनिधि भनेपछि महिलाकै मात्रै जनप्रतिनिधि हुन् भन्ने मनोविज्ञान पनि एकदमै बलियो रहेको मैले पाएँ । उनीहरूलाई प्रश्न सोधिँदा होस् वा जिम्मेवारी वहन गर्ने सन्दर्भमा होस् धेरैजसो महिलाकै मुद्दामै केन्द्रित गरिए ।

सञ्चार माध्यम र सञ्चारकर्मीहरूको मनोविज्ञानमा रहेको पितृसत्ताले पनि धेरै कुरा गर्दोरहेछ । सञ्चारकर्मीहरूले महिला जनप्रतिनिधिहरूलाई "तपाईंले महिलाका लागि के-के गर्नुभयो ?" भन्ने विषयकै सेरोफेरोमा प्रश्न सोधिरहन्थे । प्रदेश सरकारले जनप्रतिनिधिहरूको सेवा-सुविधा तोकिसकेपछि पनि कति समयसम्म उपप्रमुखहरूले पाउनुपर्ने सेवा-सुविधा

पाएनन् । केहीले आवाज उठाए, आर्थिक भागबण्डा नमिलेर त्यस्तो आरोप लगाएको हुनसक्ने भन्ने खालको मिथ्या वक्तव्यलाई बिनाकुनै खोजबिन समाचारको रूपमा प्रकाशन गरिए । जसले त्यस्ता कुरामा वास्ता नगरी आफ्नै तालमा काम गरिरहे, उनीहरूलाई सबै "सेटिङ" मिलेकोले केही नबोलेका होलान् भनेर टिप्पणी गरियो । कार्यालयभित्रै भने असहयोग गरेर सम्पन्न हुनसक्ने काम अड्काइदिएर "खै त ! महिलाहरूले गर्न सकेनन्" भनेर हाम्रो उपहास गरिन्थ्यो ।

महिलाहरूलाई हरेक कुरामा विभेद नगरी हुन्न, उनीहरू विभेदकै लागि बनेका हुन् भने झैँ व्यवहार जहीँतहीँ सामना गर्नुपर्थ्यो हामीले । हामी निर्वाचित हुँदा पालिका भवन एकतले थियो । त्यहाँ साँघुरो ठाउँमा काम गर्न, भेटघाट गर्न, सेवाग्राहीहरूलाई पनि असहज थियो । त्यसैले, अर्को तला थप्ने काम भयो । माथिल्लो तलामा प्रमुख, उपप्रमुख, प्रशासकीय अधिकृत, लेखा फाँट तथा सभाहल राख्ने योजना अन्तर्गत तला निर्माण कार्य सम्पन्न भयो । योजना बमोजिम हामी माथिल्लो तलामा सर्ने भयौँ । सर्नुअघि म आफ्नो नयाँ कार्य कक्ष हेर्न माथि तलामा गएँ । त्यसअघि म आफ्नै कामकाजमा तल्लीन रहेँ । निर्माणाधीन अवस्थामा कहिल्यै माथि गएर हेरिनँ । भवन बनिसकेपछि सामान सार्नुअघि भने गएँ । मेरो कार्य कक्षसँगै रहेको शौचालय ठाउँ हुँदाहुँदै पनि एकदम साँघुरो, कुचुक्क परेको बनाइएको थियो । प्रमुख र प्रशासकीय अधिकृतको शौचालय भने फराकिलो बनाइएको थियो । मैले ठेकेदारलाई "किन त्यस्तो सानो बनाएको" भनेर सोध्दा उनी चुपचाप हाँसीमात्रै रहे । त्यो मामिलामा मसँग अर्को विकल्प पनि थिएन । जहाँ विकल्प थियो मैले ती विकल्पहरूको खोजी गरेँ, अपनाएँ । म बुझ्छु, धेरैलाई मैले कत्ति सानो कुरा गरेको भन्ने पनि लाग्ला । तर, जनप्रतिनिधि मात्र नभई प्रत्येक महिलाका लागि कार्यस्थलमा शौचालयको महत्त्व के-कति हुन्छ भन्ने कुरा सबैले बुझ्नै पर्ने विषय हो । विशेषतः महिनावारीका दौरान कार्यालयमा काम गरिरहँदा शौचालयको आकार, प्रकार लगायतको सुविधाले धेरै प्रभाव पार्छ ।

मधेश प्रदेशकै सन्दर्भमा सेवा-सुविधाबारे किचलोको रूपमा समाचारमा आएको अर्को विषय थियो, सवारी साधनको उपभोग । मेरो कार्यालयमा पनि सवारी साधन थिए । प्रदेश सरकारले नगरपालिका उपप्रमुखको लागि तोकेरै सवारी सुविधा दियो । तर, उपप्रमुखको रूपमा पाएको त्यो सुविधा मैले सहज रूपमा उपभोग गर्न भने पाइनँ । कार्यालयले त्यसप्रति कहिल्यै सहज वातावरण बनाउन सकेन । शुरूका दिनमा आफ्नै पुरानो निजी सवारी स्कूटीबाटै कार्यालय ओहोरदोहोर गरेँ । अनुगमन वा कार्यालय प्रयोजनले टाढा जानका निमित्त कहिले प्रमुख प्रशासकीय अधिकृतले प्रयोग गर्ने गाडी र कहिले नगरप्रमुखले प्रयोग गर्ने गाडी प्रयोग गरेँ । कार्यालयले सवारी साधनको व्यवस्था नगरिदिँदा सार्वजनिक यातायातमै चढेर म सम्बन्धित स्थानमा पुग्थेँ । आफ्नो जिम्मेवारी निर्वाह गरेर फर्किन्थेँ ।

मैले हरबखत आफ्नो जिम्मेवारी राम्रोसँग पूरा गर्नेतर्फ नै ध्यान लगाइरहेँ । आजका धेरै युवा र कामकाजी महिला झैँ गर्भवती भएको अवस्थामा समेत कार्यालयको दैनिक काम, न्यायिक समितिको सुनुवाइ, फिल्ड अनुगमन, जिल्लाभित्र र बाहिर प्रतिनिधित्व गर्नुपर्ने विभिन्न महत्त्वपूर्ण कार्यक्रमहरू छुटाइनँ । बच्चा जन्मिनु अघिल्लो दिनसम्म म काममै खटिएँ । बच्चा १६ दिनको भएपछि मैले सबै कार्यभार पुनः सम्हालेँ । यसरी इमान्दारीका साथ, लगनका साथ मैलेमात्रै आफ्नो जिम्मेवारी सम्हालेकी थिइनँ । अधिकांश उपप्रमुखहरूले समय, सन्दर्भ र आवश्यकता अनुरूप आ-आफ्नो दायित्व निर्वाह गर्न कुनै कसर बाँकी राखेनन् ।

हामी उपप्रमुखहरूले बारम्बार आफ्ना संवैधानिक अधिकार प्रयोग गर्न अनेक खालका अतिरिक्त कसरत गर्नुपर्ने कुरा विभिन्न मञ्चबाट सार्वजनिक गऱ्यौँ । तर, त्यस विषयमा कसैको चासो रहेको पाइएन । त्यसपछि मेरै संयोजनमा जिल्लाका १४ उपप्रमुखहरूको साझा थलो "डेपुटी मेयर्स क्लब" गठन गऱ्यौँ । नियमित मासिक बैठक बसेर आ-आफ्ना समस्या एकापसमा साट्यौँ । त्यसपछि आफै ती समस्याहरूको समाधान गर्ने जमर्को गऱ्यौँ । हाम्रो एकीकृत प्रयास निकै फलदायी रह्यो । कुनै उपप्रमुखको समस्या भएमा कार्यस्थल मै हामी पुग्थ्यौँ । दुवै पक्षको उपस्थितिमा संवाद गर्थ्यौं । संवादबाट समस्या हल नभएमा सञ्चार माध्यमको सहयोग लिन्थ्यौँ । मिलेर काम गर्दै जाँदा व्यक्तिगत रूपमै पनि आत्मविश्वास बढ्यो । एकअर्काका अनुभव तथा सफल प्रयासहरूबाट सिक्दै गयौँ । परिणाम स्वरूप छिमेकी जिल्लाका उपप्रमुखहरूले पनि यसको अनुसरण गरे । भर्खरै सम्पन्न (वि.सं. २०७९) दोस्रो स्थानीय तहको चुनावबाट निर्वाचित जनप्रतिनिधिलाई यो क्लब हस्तान्तरण गर्ने तर्खरमा हामी छौँ ।

मेरो प्रश्न हो—उपप्रमुखहरूको यी र यस्ता क्रियाकलापहरू कुन दृष्टिकोणबाट अक्षमताको संकेत हो ? के साँच्चै उपप्रमुखहरू "रबर स्ट्याम्प" मात्रै हुन् त ? पक्कै पनि होइनन् । बरु "रबर स्ट्याम्प" बनाउन खोजिएको चाहिँ हो ।

## उपेक्षात्मक व्यवहार

महिलाहरू जुनसुकै क्षेत्रमा जतिसुकै सक्रिय र नवीन विचार सहित डटिरहुन्, उनीहरूलाई पुरुषभन्दा कम नै आकलन गरिन्छ । नेता मानिन्न । अचेल बाध्यात्मक रूपमा केही हदसम्म मान्न थालिए पनि व्यावहारिक रूपमा स्वीकार गर्न सकेको मैले पाइनँ । जहाँ पनि पुरुष नै मूली वा अगुवा हुनुपर्ने चलनले हाम्रो काम र हाम्रो आवाज छायामा पारिन्थ्यो । पुरुषले राखेका कुरा नै बढी महत्त्वपूर्ण हुन्छन् भन्ने मनस्थिति मेरै समकक्षी जनप्रतिनिधि र कर्मचारीमा पनि व्याप्त थियो । सामान्यतः बैठकहरूमा सदस्यहरूले आ-आफ्ना कुरा राख्दा सबैको ध्यान केन्द्रित हुने गर्थ्यो । महिलाको पालो आउनासाथ हल्लाखल्ला शुरू हुन्थ्यो । हुन त

दलीय मतभिन्नताले पनि त्यसो हुने गरेको थियो । तर, महिलाले परम्परागत चलनभन्दा केही भिन्न विचार र योजना राख्नासाथ दलकै प्रतिनिधिले पनि बेवास्ता गर्ने गर्थे ।

हामीले नगरपालिकाभित्र रहेका महिलालाई आर्थिक रूपमा बलियो बनाउन तालिम मात्रै पर्याप्त छैन भनेर महिला समूह र महिला सहकारी गठन गरी नगरपालिकाकै अभिभावकत्वमा प्रविधि हस्तान्तरण गर्ने तथा तिनले उत्पादन गरेका वस्तुलाई बजारसम्म पुऱ्याउने योजना बनायौँ। पटक-पटक उक्त योजना कार्यान्वयनको लागि जोड दियौँ। त्यो योजना पालिकाको प्राथमिकतामा पर्नु त परै जाओस्, एउटा निर्देशिका समेत तयार गर्ने रुचि देखाइएन ।

त्यो योजना थाती रहेपछि मैले अर्को योजना अघि सारेँ—ग्रामीण भेगका विद्यार्थीका लागि प्राविधिक शिक्षा उपलब्ध गराउने कृषि कलेजको अवधारणा। उद्योगी व्यवसायीहरूसँग समन्वय गरेर उक्त अवधारणालाई व्यवहारमा उतार्ने माहोल बन्दै जान थाल्यो। स्थानीयद्वारा अतिक्रमित ऐलानी जग्गालाई कृषि कलेजको निमित्त खेतीका लागि उपयोग गर्ने मेरो योजना थियो । तर, त्यो काममा पनि मेरा राजनीतिक समकक्षी तथा कार्यालयले रुचि राखेनन् । सम्भावित लगानीकर्ताहरूले तीन पटक उक्त प्रस्तावित स्थानको अवलोकन गरे र अन्यत्रै लागे । त्यो अवधारणा पनि त्यत्तिकै थन्कियो ।

मैले विभिन्न अवरोधका बाबजुद सम्पन्न गर्न सकेको एउटा काम थियो : सार्वजनिक शौचालय निर्माण । बजार सँगैको बस्ती नजिक सार्वजनिक शौचालय बनाउने योजना अनुरूप निर्माण कार्य थालियो। तर, कुनै "ठूलाबडा" को जग्गा नजिकै पर्ने भएकोले मात्र विभिन्न विवाद सिर्जना गरी सो काम बीचमै रोकियो । काम सुचारु गर्नका निमित्त मैले हरसम्भव प्रयास गरेँ। कार्यालय परिवारबाट सहयोगको अपेक्षा गरेँ, त्यो मेरो मूर्खता मात्रै सावित भयो। अन्ततः मैले शौचालय निर्माण गर्ने स्थान परिवर्तन गरेँ र शौचालय बनाउने काम सम्पन्न भयो । दुःखद् कुरा, त्यो शौचालय अहिले अपेक्षा गरे अनुरूप सदुपयोग हुन सकेको छैन, किनकि जहाँ आम मानिसलाई शौचालयको आवश्यकता थियो, त्यहाँ कोही प्रभावशाली व्यक्तिको अनुकूल नहुँदा बन्न दिइएन । जहाँ शौचालय बन्यो, आम मानिसहरूको लागि त्यो ठाउँ अनुकूल भएन ।

हरेक साना ठूला कामकाज, योजना, क्रियाकलापमा अधिक शक्तिको चलखेल तथा प्रदर्शन अनि अख्तियार दुरुपयोगका यस्ता अनेक घटनाहरू भइरहन्थे । आखिर किन र कसरी हुन्छन् वा गरिन्छन् भनेर बुझ्न खोज्दाखोज्दै हाम्रो कार्यकाल सकियो । त्यस्ता बेथितिहरूका कारण हाम्रा धेरै महत्त्वपूर्ण समय र दिमाग अनुत्पादक र नतिजा विहीन काममा खर्चिनुपऱ्यो । उपप्रमुखको एजेण्डा भनेपछि जतिसुकै महत्त्वपूर्ण भए पनि विरोध गर्नैपर्छ भन्ने सोच समेत केही जनप्रतिनिधिमा विकसित भएको देख्न पाइयो । त्यसले झनै चुनौती थपिदिएको थियो ।

कतिपय महिला जनप्रतिनिधि त्यस्तो वातावरणमा काम गर्नुपर्दा निराश र हतास पनि भए । त्यस्ता घटनाबाट आजित भएर अनुभव राख्ने क्रममा केही उपप्रमुख बैठक तथा कार्यक्रममै धरधरी रोएका थिए । हामी धेरै महिला जनप्रतिनिधि विगतमा कुनै न कुनै रूपमा कुनै संस्था वा सामाजिक कार्यमा सक्रिय थियौं । हामीलाई जति नै उपेक्षा गरे पनि बोल्न छाडेनौँ । आफ्ना विचार र विमतिहरू राख्न छाडेनौं । कार्यालयमा सुनुवाइ नभए आफ्नो कुरा लिएर आम जनतामाझ जान्थ्यौँ । सञ्चार माध्यममा जान्थ्यौँ । असहयोग र असहजताका बीचमा कार्यपालिका बैठकमा आफ्ना एजेण्डा छलफल विहीन नहोऊन् भन्नेतर्फ हामी चनाखो भइरह्यौँ । हामी हाम्रा एजेण्डाहरू कहिले कर्मचारी मार्फत कहिले सहयोगी सहकर्मी मार्फत राख्ने उपाय अपनायौँ । हाम्रो दायित्व निर्वाह गर्ने क्रममा लिनुपर्ने अडानमा हामी अडिग रहिरह्यौँ ।

## न्याय सम्पादन कार्य

उपप्रमुखको रूपमा मैले न्यायिक समितिको संयोजकको रूपमा पनि काम गर्नुपर्दथ्यो । पालिकामा सञ्चालित योजनाहरूको अनुगमन तथा अपांगता कार्ड वितरण समन्वय समितिको संयोजकको जिम्मेवारी पनि मेरो थियो । पालिकामा कार्यरत अथवा कार्य गर्न इच्छुक विभिन्न सरकारी र गैरसरकारी संघ-संस्था, तिनका उद्देश्य के-कस्ता छन्, पालिकाको हितमा छन् वा छैनन्, त्यहाँको आवश्यकता के हो लगायतका कुराको निगरानी पनि उपमेयरकै जिम्मेवारीभित्र पर्दथ्यो । मैले पाएकै जिम्मेवारी अनुरूप वडाध्यक्ष तथा नगरप्रमुखलाई बेलाबेला झक्झक्याइरहन्थेँ । तर, ती कुराहरू सुनुवाइ भएनन् । “भर्खरकी केटी आएर हामीलाई सिकाउन खोज्छे, बढी जान्ने हुन्छे,” भन्ने मानसिकता उनीहरूले मप्रति देखाएको व्यवहारमा झल्किन्थ्यो ।

न्यायिक समितिको संयोजकको रूपमा मैले काम गर्दा सधैँ एक्लो भएको महसुस गरिरहेँ । अर्थात् त्यहाँ पनि आवश्यक साथ र सहयोगको अभाव रह्यो । वैधानिक तवरमै काम गर्नका लागि समूह नभएको होइन । न्यायिक प्रक्रिया पूरा गर्न न्यायिक समितिका दुईजना सदस्य, वडाध्यक्षदेखि कार्यपालिकाको समेत जिम्मेवारी तोकिएको थियो । समूहका सदस्यहरूको सहकार्य र सहयोगी भावना नहुनु प्रमुख समस्या थियो ।

न्यायिक समितिको काम शुरू भएपछि जग्गा विवाद, लैंगिक हिंसा, कानूनी विभेद तथा नागरिकताबाट वञ्चित गरिएका, सन्तानले हेरचाह नगरेको वृद्धवृद्धाका समस्याहरू आउन थाले । विडम्बना, कतिपय पालिकामा त्यसरी समस्या लिएर आउने सेवाग्राहीहरूको निवेदन दर्ता गर्ने व्यक्ति समेत थिएनन् । संयोजक आफैले दर्ता गरेर कारवाही अघि बढाउनु पर्दथ्यो । कतिपय पालिकामा उपप्रमुखको कार्यकाल सकिने बेलासम्म पनि न्यायिक समिति

व्यवस्थित रूपमा शुरू हुन सकेनन् । जहाँ जहाँ राम्रोसँग सञ्चालन भए ती उपप्रमुखकै व्यक्तिगत पहलको नतिजा थियो भन्दा फरक पर्दैन ।

न्यायिक समितिले सामाजिक मेलमिलाप तथा कानूनी व्यवस्था गर्ने जिम्मा पाएको थियो । त्यसको लागि पालिकाका सम्पूर्ण जनप्रतिनिधिलाई मेलामिलापको महत्त्व बुझाउने गरी विशेष तालिमहरूको आयोजना गरियो । उक्त तालिममा सबै जनप्रतिनिधिहरूको सहभागिता रह्यो । त्यसपश्चात् एउटा समिति गठन गर्नुपर्थ्यो । सामाजिक मेलमिलापकर्ताहरू वडा-वडामा नियुक्त गरिनुपर्थ्यो । यी कार्यमा नगरप्रमुख र वडाध्यक्षको भूमिका महत्त्वपूर्ण हुनुपर्थ्यो, त्यो भएन । मेलमिलापकर्ता आह्वानका लागि तयार पारेर पठाइएको सूचना समेत टाँस गरिएन । न त अरू माध्यमबाट त्यो सूचना सार्वजनिक नै गरेको पाएँ । कारण थियो, न्यायिक समितिको काम-कारवाही र निर्णय प्रक्रियामा समितिको संयोजक तथा सदस्य बाहेकका जनप्रतिनिधिको कुनै प्रत्यक्ष भूमिका नहुनु ।

मलाई सबैभन्दा बढी पीडा त्यस बेला भयो, जति बेला हिंसाका घटनाहरू बारम्बार भइरहँदा पनि जनप्रतिनिधिहरूले नै त्यस्ता घटनाहरू न्यायिक समितिसम्म नल्याइकन गाउँमै मिलाइदिने गरेको कुरा थाहा पाएँ । "गाउँको इज्जत गाउँमै रहनुपर्छ" भन्ने मान्यता लिएर महिलामाथि भएका हिंसा गाउँमै मिलाउँदा तिनले न्यायिक प्रक्रियामा पस्नै पाएनन् । गाउँमै मेलमिलाप गराइएका कतिपय घटना पछि मैले सुन्न पाउँथें । त्यसपछि मैले घटनाको गाम्भीर्य बुझेर जिम्मेवार व्यक्तिलाई "किन न्यायिक समितिमा त्यो घटना नल्याएको ?" भनेर प्रश्न गर्दा "ए, त्यो त मैले उतै मिलाइदिएँ" भन्ने कुटिल मुस्कान सहितको जवाफ पाउँथें । त्यस्तो मुस्कान सहितको जवाफले न्यायिक समितिको खाँचो हामीलाई पर्दैन भनेर गिज्याइरहे झैँ लाग्थ्यो । अनि, कत्ति सजिलैसँग त्यस्ता घटना सामान्य थिए, अब केही समस्या छैन भन्ने मनसायले कुरा गर्ने गरिन्थ्यो, मानौँ केही भएकै थिएन ।

घरेलु हिंसा, महिलामाथि हुने हिंसामा पीडितहरूले उजुरी गरून् र न्यायको खोजीमा अग्रसर होउन् भन्नका निमित्त निरन्तर महिला अधिकार सम्बन्धी जनचेतनामूलक कार्यक्रम वडाहरूमा सञ्चालन गरिरह्यौँ । तर, केही जनप्रतिनिधि आफै त्यस्ता घटना गोप्य राख्न चाहने वा सीमित व्यक्तिबीच सल्टाउन चाहनेहरूको पक्षमा उभिदिँदा त्यस्ता घटना बाहिर आउने वातावरण बन्न सकेन । कहिले सामाजिक प्रतिष्ठा जोगाउने नाममा, कहिले पीडक आफ्नो दल वा नाता सम्बन्धमा पर्ने भएर, कहिले चर्को आर्थिक चलखेल हुने हुँदा त्यस्ता घटनालाई भित्रभित्रै दबाइने रहेछ । अर्को, सार्वजनिक रूपमा कतै नभनिएको तर मनमा गडेको कुरा पनि छ, उपप्रमुखको नेतृत्वको कामकाजमा सहयोग गरे उनकै लोकप्रियता बढ्ने र त्यसले आगामी निर्वाचनमा असर पार्ने आकलन गरेर पनि न्यायिक समितिलाई सक्रिय र प्रभावकारी बनाउनेतर्फ ध्यान नदिइएको रहेछ । लैंगिक रूपमा द्वेषी यस्ता "दूरदर्शिता"

राख्ने जनप्रतिनिधिहरूले उपप्रमुखको लोकप्रियता कम गर्नकै लागि हिंसाका घटनाहरूको बलि चढाउन कति जायज होला ?

यस्ता आन्तरिक एवं व्यक्तिगत मनोविज्ञानका कुरा मैले जनप्रतिनिधिकै निकटका महिलाहरूबाट थाहा पाउने गरेकी थिएँ । महिला हिंसाका घटनाहरू न्यायिक प्रक्रियामा ल्याउनका निमित्त मैले महिला वडा सदस्यहरूसँग थप सहकार्यको प्रयास गरेँ । केही हदसम्म उनीहरूले सहयोग पनि गर्थे । तर, कुनै न कुनै चरणमा पुगेपछि स्वतन्त्र रूपमा काम गर्ने उनीहरूको स्थितिको अन्त्य हुन्थ्यो । त्यस्ता हिंसाका घटनालाई बाहिर ल्याउन, न्याय दिलाउन पहल गरे बापत उनीहरूले आफ्नै घर र टोलमा समस्या झेल्नुपर्थ्यो । यस्तो स्थितिमा पीडित महिला त झन् पारिवारिक र सामाजिक बहिष्करणका डरले घर बाहिर गएर अरू कसैले भन्ने आँट नै गर्दैनन् । प्रत्यक्ष-अप्रत्यक्ष रूपमा स्थानीय जनप्रतिनिधि, विभिन्न दलका अगुवा वा आफ्ना श्रीमान्, छोरा वा गाउँका अन्य ठूलाबडा भनिएका तर रूढिवादी सोचबाट ग्रसित व्यक्तिहरूको दबाब आउन थाल्दो रहेछ । त्यो थेग्न सकेसम्म साथ र सहयोग लिने वा दिने हो । यस्ता अनेक कारणले मेरो संयोजकत्वमा सञ्चालित न्यायिक समितिमा घरेलु हिंसाका घटना थोरै मात्रै दर्ता भएका थिए ।[२]

अर्को एउटा भन्नैपर्ने कुरा, जहाँ आर्थिक कारोबार वा चलखेल बढी हुन्छ वा आर्थिक लाभ बढी पाइन्छ त्यस्ता समिति वा योजनामा अधिकांशको रुचि हुने रहेछ । न्यायिक समितिका लागि आवश्यक कर्मचारी, प्राविधिक एवं कानूनी विज्ञ वा परामर्शदाताको व्यवस्था गर्न तथा कानूनी विषयवस्तुमा जानकार हुन आवश्यक तालिमका निमित्त चाहिने बजेट समेत जुटाउन हम्मे-हम्मे थियो । करोडौँका विकास योजना सञ्चालन भइरहेको पालिकाबाट न्यायिक समितिको कामकाजको लागि दुई/चार लाख बजेट छुट्ट्याउन पनि साह्रै गाह्रो थियो । "वडाकै लागि बजेट अपुग छ, पछि मिलाउँला, चाहिएका केही सामान कार्यालयसँग माग गरे भइहाल्यो" भन्ने खालका जवाफ सुन्दा सुन्दै मेरो कार्यकाल सकियो । न्यायिक समितिको लागि थोरै रकम जुटाएकी थिएँ, त्यसले आवश्यक सामानको जोहो मात्रै हुन सक्यो । आर्थिक लाभबिना विवाद समाधानमा धेरै समय एवं मेहनत गर्नुपर्ने हुँदा न्यायिक समिति सदस्यहरूका निमित्त पनि यो विषय अरुचिकर रह्यो ।

अर्कोतिर न्यायिक समितिको लागि आवश्यक पूर्वाधार नै पनि थिएन । लैंगिक हिंसा पीडित महिला, बालबालिका, छोराछोरीबाट बेवास्तामा परेका वृद्धवृद्धाको मुद्दा प्रक्रियागत तवरमा अघि बढाउन उपप्रमुखको व्यक्तिगत लगानी एवं पहलको ठूलो भूमिका रह्यो । म आफैले पनि व्यक्तिगत पहलमै कतिपय मुद्दालाई अघि बढाएकी थिएँ । पीडितले न्याय

[२] बलात्कार वा अन्य यौन हिंसाका घटनालाई न्यायिक प्रक्रियामा लैजाने सन्दर्भमा समुदाय स्तरमा कसरी अवरोध पुऱ्याइन्छ भन्ने विषयमा विस्तृत जानकारीका लागि यसै पुस्तकमा गुन्जन रायको लेख हेर्नुहोस् ।

प्रक्रियामा जाने हिम्मत गरेपछि कानूनी सल्लाहकार उपलब्ध गराउनु अनिवार्य शर्त हो । त्यसको व्यवस्था थिएन । इजलासको लागि उपयुक्त कोठा थिएन । मैले कहिले आफ्नै कार्यकक्षमा, कहिले पालिकाको सभाहलमा सुनुवाइ राख्थेँ ।

त्यस्तो अवस्थामा न्यायिक समितिको सुनुवाइमा समय दिए वापत सदस्यहरूले भत्ता माग गर्न थाले । बिस्तारै उनीहरू सुनुवाइमै आउन छाडे । धेरैजसो जनप्रतिनिधिले केवल आर्थिक लाभलाई मात्रै फाइदाको कुरा मानिरहे । अन्य खालका सामूहिक लाभका पक्षलाई पूर्ण रूपमा बेवास्ता गरिदिए । पीडितले न्याय पाऊन् भन्ने कुरामा वास्तै नगर्ने त्यस्तो प्रवृत्ति देख्दा उनीहरूले पीडितलाई न्याय दिलाउन मद्दत गर्छन् भनेर म आफै विश्वस्त हुन सकिन । पीडितहरूले कसरी विश्वास गर्थे र ?

वास्तवमा, पितृसत्तात्मक सोचसँग लड्न र पितृसत्तात्मक संरचनाभित्र काम गर्न सबैभन्दा पहिले महिलाका निमित्त महिलाहरू नै संगठित नभई नहुने रहेछ । हिंसा पीडितहरूको आपतकालीन व्यवस्थापनको लागि हामीलाई प्रत्येक पालिकामा कम्तिमा एक-एक ओटा सुरक्षित आवासगृहको खाँचो थियो र त्यसको व्यवस्थापन प्रत्येक पालिकाले गर्नुपर्ने प्रावधान पनि छ । तर, ती काम पालिका स्तरबाट तत्काल गर्न सम्भव थिएन । न्यायिक समिति संयोजक एक्लैको पहलमा पनि हुनसक्ने कुरै थिएन । डेपुटी मेयर्स क्लबले स्थानीय महिला अधिकार संस्था र जिल्ला प्रहरी कार्यालयको सहकार्यमा हिंसा पीडित महिला र बालबालिकाका लागि जिल्ला प्रहरी कार्यालय परिसरमै सुरक्षित बस्ने व्यवस्था गरियो । मधेश प्रदेशका मुख्यमन्त्री, पर्सा जिल्लाका तत्कालीन प्रतिनिधिसभा एवं प्रदेशसभाका सांसद र विशेष गरी पर्साकी तत्कालीन एसपी गंगा पन्त र उपमेयरहरूको क्लब लगायतको एकमुष्ठ कामको नतिजा थियो यो ।

उक्त सुरक्षित आवासगृह सञ्चालनको लागि जिल्लाका १४ ओटै पालिकाले सहकार्य गर्ने सहमति सहित विशेष कोष स्थापना गरियो । पटक-पटक औपचारिक पत्र मार्फत आग्रह गर्‍यौँ । तर, हाम्रो कार्यकाल सकिँदासम्म पनि धेरैजसो पालिकाबाट कुनै पनि किसिमको सहयोग पाउन भने सकेनौँ । कम जनशक्ति, असहयोग, दक्ष जनशक्तिको अभाव आदि कारणले न्यायिक समितिको कामकाज ढिलै शुरू भयो । तैपनि केही कर्मचारी र पालिकाका मुद्दा हेर्ने अधिवक्ता तथा विगतका चिनजान भएका कानून व्यवसायीहरूको सहयोग लिएर न्यायिक समितिमा आएका सबै मुद्दा चालु आर्थिक वर्षमै सल्ट्याउन प्रयासरत रहेँ । प्रत्येक वर्ष समितिले गरेका कार्य र तथ्यांक स्थानीय सञ्चार माध्यम मार्फत सार्वजनिक पनि गरिरहेँ । भन्नैपर्ने कुरा, जे जति काम भए ती केही सहयोगीहरूकै भरथेगले सम्पन्न हुन सकेका हुन् । यस्ता कामहरूमा सबैजना जुट्न सके, जिम्मेवार निकाय र व्यक्तिहरूको मात्रै साथ र सहयोग मिले पनि कति गर्न सकिने रहेछ भन्ने लाग्छ ।

## अन्त्यमा,

म यो कुरा गर्वका साथ भन्छु, जतिसुकै अप्ठ्यारो परे पनि हामी महिला जनप्रतिनिधिहरू आफ्नो कार्यप्रति निष्ठावान रही र गम्भीर रूपमा प्रस्तुत भयौँ । पुरुषहरूको आर्थिक चलखेलमा समर्थन नगरिसकेपछि महिला नेतृत्व तिनलाई काँडा झैँ बिझ्नु स्वाभाविक हो । त्यसपछि एक अर्काको परिपूरक भएर काम गर्नु त्यति सहज नहुँदो रहेछ । त्यस्तो वातावरणमा काम गर्दा हामीलाई कहिले हाँसोको पात्र बनाइयो, कहिले एकमुष्ठ विरोधको शिकार बनाइयो । कहिले विरोध र समर्थन दुवैको पल्ला उत्तिकै हुन्थ्यो, तर अर्को बैठकमा ती समर्थनकर्ताहरू पनि विरोधी खेमामा उभिएका हुन्थे । के कारणले त्यस्तो हुन पुग्थ्यो कुन्नी ? मसँग इमान्दारी, काम गर्ने भिजन र जोश भरपूर थियो । त्यस बाहेक, म आचारसंहिता बाहिर गएर कुनै पनि खालको अतिरिक्त लाभ दिन सक्दिनथेँ, सायद त्यसैले हो कि भन्ने अनुमान लगाएर मन बुझाउँथे । ऐन, कानूनले निर्दिष्ट गरे बमोजिमको सेवा-सुविधा सबैले समान रूपमा पाउन् भन्नेमा मैले कहिल्यै हेलचक्र्याइँ गरिनँ । तर, तोकिएको सेवा-सुविधा अपर्याप्त थियो, अधिकांशलाई थप बजेटको आवश्यकता थियो । थप कार्यक्रमको आवश्यकता थियो । त्यसको व्यवस्था गर्न म असमर्थ थिएँ । म अल्पमतमा रहेको उपप्रमुखले व्यक्तिगत पहलमा कत्ति नै पो गर्न सक्थेँ र ! तर जति गरेँ इमान्दारीका साथ गरेँ, र त्यसमा म सन्तुष्ट पनि छु । त्यसै कारणले होला मैले काम गरेको समाजबाट मैले फरक किसिमको आदर, सम्मान र स्नेह पनि पाएँ ।

मैले बोध गरेको एउटा कुरा, पहिलो पटक स्थानीय सरकारमा निर्वाचित भएर आएका महिला जनप्रतिनिधिहरू त्यसरी मुखर भएर आउलान् भन्ने अपेक्षा गर्ने जनप्रतिनिधि पुरुषहरू नगण्य थिए । यस्तै अपेक्षा पितृसत्तात्मक सोच भएका अधिकांशहरूमा भएको पाएँ । तर, उनीहरूको सोच विपरीत महिलाहरू निकै सशक्त रूपमा प्रस्तुत भए । “महिला भएर पुरुषलाई अह्राउने” भन्ने मानसिकतालाई भत्काउन खोजे । त्यसले “मेल इगो” मा धक्का दियो । प्रशासकीय अधिकृत, कर्मचारी र विषयगत शाखाहरूले वडा सदस्य र वडाध्यक्षको कुरा जति सहज र महत्त्वपूर्ण मान्थे, एउटा पालिका उपप्रमुखले भनेका कुरा सुन्न र मान्न उत्ति नै अप्ठ्यारो मान्थे । यो अवस्था उपप्रमुखहरूको मात्रै पनि होइन । किनकि यो पदसँग होइन, महिलाको सामाजिक लिंग निर्माणसँगै जन्माइएको मान्यतारूपी समस्या हो । त्यसैले, पहिलो स्थानीय निर्वाचनमा देशभरमै निर्वाचित भएका सात जना महिला प्रमुखहरूसँग पनि यो धेरैजसो सन्दर्भमा मिल्छ । सत्ता, शक्ति अनि हेपाहा प्रवृत्तिसँगै जन्मे, हुर्केकाहरू जतिसुकै पढेका, जानेका, जिम्मेवार, सहिष्णु, आदि मानिए पनि महिला प्रतिको उनीहरूको दृष्टिकोण र व्यवहार भने उही रूढिग्रस्त नै हुनेरहेछ ।

विविध पृष्ठभूमिका महिला जनप्रतिनिधिहरूले स्थानीय निकायमा प्रवेश पाएपछि आम महिलाहरूले आफ्ना जनप्रतिनिधि भेट्न कसैको सिफारिस लिनु परेन । स्थानीय निकाय

र आम महिला बीचको पुलेसोको रूपमा उपप्रमुख महिलाहरूले आ-आफ्ना भूमिका निर्वाह गऱ्यौँ । हामीले स्थानीय अनि "स-साना" भनिने मुद्दाहरूलाई पनि प्राथमिकता दियौँ । तर, समग्रमा स्थानीय निकायको पहिलो प्राथमिकता भौतिक संरचना निर्माणमै रह्यो । त्यस्ता योजना तथा कार्यक्रममा फेरि पनि गाउँ समाज भित्रका पहुँचवाला, दलका बाहुबलीहरूकै पहुँच र वर्चस्व रह्यो । गरिब, विपन्न, दलित, महिला, अल्पसंख्यकका मुद्दा त्यहाँ पनि पिँधमै पारिए । त्यस्तो माहोलमा उपप्रमुख तथा महिला जनप्रतिनिधिहरू आशाको किरण बनेका थिए ।

## धन्यवाद

"पैदल अनुसन्धान" को सहयात्री बन्ने अवसर प्रदान गर्ने मार्टिन चौतारी, पैदल अनुसन्धान परियोजनाका संयोजक सोहन प्रसाद साह, मलाई यो अनुसन्धान कार्यमा मेन्टरशिप प्रदान गर्नुहुने कैलाश राई र पैदल अनुसन्धान सहयात्री बीपी साहलाई हृदयभरिको आभार । व्यस्तताको भागदौडबीच हरेस खाँदा हौसला बनिदिने मेरा आमाबुवा, श्रीमान्, छोरा रुहान र घरायसी काममा सहयोग गरेर मलाई सघाउनुहुने परिवारका सम्पूर्ण सदस्यलाई धेरै-धेरै धन्यवाद ।